# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन, नेपाल

प.सं : २०७५/०७६
च.नं : (शिक्षा) ४९६

मिति: २०७६।०१।०२

**विषय: विद्यार्थी भर्ना अभियान-२०७६ सम्बन्धमा**

**श्री सबै वडा कार्यालय,**
**भरतपुर महानगरपालिका, चितवन ।**

प्रस्तुत विषयमा विगत वर्षहरु जस्तै यस वर्ष पनि "**हाम्रो नगर हाम्रो गाउँ, सबै वालवालिकालाई विद्यालय पुऱ्याऔं**" भन्ने मूल नाराका साथ 'विद्यार्थी भर्ना अभियान-२०७६' यही वैशाख २ गतेदेखि शुरु भएको छ । यसै सन्दर्भमा यस कार्यक्रमलाई अत्यन्तै प्रभावकारी रुपमा सञ्चालन गरी विद्यालय जाने उमेरका सबै वालवालिकालाई विद्यालयमा ल्याउनु, टिकाउनु र सिकाउनु नै यो अभियानको मूल ध्येय रहेको छ । साथै विगत वर्षहरुमा विशिष्ट व्यक्तित्व तथा शैक्षिक अभियन्ताहरुद्वारा अभिभावकत्व ग्रहण गरिएका वालवालिकाहरुको शिक्षालाई निरन्तरता दिलाउनु पनि अर्को महत्वपूर्ण लक्ष्य रहेको छ । सो को लागि भरतपुर महानगरपालिकाले "पूर्ण साक्षर अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित महानगरपालिका" घोषणा गर्न वडा कार्यालयबाट निम्न वमोजिम गर्न गराउन सहयोग गरिदिनहुन अनुरोध छ ।

१. वडा कार्यालयहरुले आ-आफ्नो वडा भित्रका सवै सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु, टोल विकास संस्थाहरु, गैरसरकारी संस्थाहरु तथा सरोकारवालाहरु समेतको भेला गरी विद्यालय भर्ना हुने उमेर पुगेका तर विद्यालय भर्ना नभएका/विद्यालय वाहिर रहेका वालवालिकाहरुको पहिचान गर्ने र घरदैलो कार्यक्रम सञ्चालन गरी वडाभित्रका विद्यालय उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न गराउन आवश्यक सहजीकरण र समन्वय गर्ने,
२. सबै विद्यालयसँग आफ्नो सेवा क्षेत्रभित्र नयाँ भर्ना भएका र भर्ना हुन बाँकी वालवालिकाको विवरण माग गरी अभिलेख राख्ने,
३. अपांग वालवालिकाहरुलाई विशेष शिक्षा/समाहित शिक्षा सञ्चालन भएको विद्यालयमा भर्ना गराउन पहल गर्ने,
४. शैक्षिक सत्र प्रारम्भ भएको पहिलो हप्ताभित्र विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुगे नपुगेको जानकारी लिने,
५. अघिल्लो वर्ष विशिष्ट व्यक्तित्व तथा शैक्षिक अभियन्ताहरुद्वारा अभिभावकत्व ग्रहण गरिएका वालवालिकाको वर्तमान अवस्थाबारे जानकारी लिई निरन्तरताको सुनिश्चितता गर्ने,
६. भर्ना अभियानमा विद्यालयमा भर्ना हुन नआएका तर विद्यालय जाने उमेरका वालवालिकाको तथ्यांक लिई तिनको शैक्षिक मूल प्रवाहिकरणका लागि अवलम्वन गर्नुपर्ने रणनीति सहितका सुझावहरु शैक्षिक प्रशासन महाशाखामा पेश गर्ने,
७. सामुदायिक तथा संस्थागत विद्यालयहरुले वडा अध्यक्ष/सदस्यको रोहवरमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु छनौट गरी अभिभावक र जनप्रतिनिधिको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाउने,
८. सिकाई उपलब्धिमा सुधार ल्याउने एवं कर्तव्यनिष्ठ शिक्षकलाई सम्मान गर्न यस महाशाखामा सिफारिस गर्ने ।

नेत्रप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: **bmceducationsection@gmail.com** / Website: bharatpurmun.gov.np